मिति २०८१ श्रावण ०९ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठक

आज मिति २०८१/०४/०९ गते बुधबारको दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको पहिलो बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

**<u>उपस्थिति</u>**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्ण बहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जाल बहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्र बहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | मोहनकुमार श्रेष्ठ | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | शिव गिरी | सहायक पाँचौ | |

मिति २०८१ श्रावण ०९ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठक

**गाउँ कार्यपालिकाको पहिलो बैठकको कार्यसूचि**

१. अघिल्लो गाउँ कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।

२. कर्मचारी नियुक्ति तथा पदस्थापना सम्बन्धमा ।

३. आर्थिक बर्ष २०८१/०८२ को बजेट कार्यान्वयन सम्बन्धमा ।

४. करार कर्मचारी म्याद थप सम्बन्धमा ।

५. एक पालिका एक हुलाक कायम गर्ने नेपाल सरकारको नीति तथा सो सम्बन्धमा प्राप्त पत्र सम्बन्धमा ।

६. संक्षिप्त वातावरणीय अद्‌ययन प्रतिवेदन स्वीकृत गर्दै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा विक्री शुल्क संकलन गर्ने सम्बन्धमा ।

७. शिक्षक तथा बाल शिक्षा सम्बन्धमा ।

८. आर्थिक सहायता सम्बन्धमा ।

९. प्रहरी विट स्थापना सम्बन्धमा ।

१०. खानेपानी पाइप वितरण सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, नेपालको पत्र सङ्ख्या- क/३/२०८०/०८१ चलानी नं. ३९७४ र मिति २०८१/०३/१० गतेको पत्रानुसार प्रदेश लोकसेवा आयोग, बागमती प्रदेशको बढुवा सूचना नं. ६६/०७९-८० (स्थानीय सेवा) अनुसार कृषि सेवा/कृषि समूह, कृषि अधिकृत पद/सातौं तहमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको निर्णय अनुसार यस गाउँपालिकामा सिफारिस हुनु भएको श्री गोमादेवी खतिवडा (क.सं.नं. १७८८१८) लाई मिति:२०८१/०२/३० गतेदेखी जेष्ठता लागू हुने गरी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ बमोजिम स्थानीय तहको सातौं तह वा सो भन्दा माथिल्लो तहमा सम्बन्धित

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय तहको कार्यपालिकाले नियुक्ती र पदस्थापन गर्ने व्यवस्था भए बमोजिम उक्त पदमा निजलाई नियुक्ती तथा पदस्थापन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छपलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ को बजेट निर्माण गर्ने सम्बन्धमा स्थानीय सरकार सन्चालन ऐन, २०७४ मा व्यवस्था भएको विभिन्न समितिमा पटक पटक छलफल भई बजेट निर्माण सम्पन्न भएको छ । विभिन्न चरणमा पटक पटक भएका छलफलका बाबजुत समेत अपेक्षित आम्दानी भन्दा खर्च बढी हुने गरी घाटा बजेट निर्माण भएको सबैमा विदित भएको र अपेक्षित रुपमा आन्तरिक स्रोत संकलन हुन नसक्ने यथार्थतालाई मध्येनजर गरी वित्तीय अनुशासन कायम गर्दै शिर्षकगत छुट्याइएको बजेटलाई सोही शीर्षकमा मात्र खर्च गर्ने र अत्यावश्यक बाहेक रकमान्तर नगर्ने तथा ठेक्का विधिबाट हुने खरिद र निर्माण कार्यबाट वचत हुने रकमबाट पुन खरिद तथा निर्माण नगर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा जनशक्ति नपुग भई विभिन्न समयमा करारमा कर्मचारी भर्ना गरी कामकाजमा लगाइएको र मिति:२०८१/०३/३१ गतेदेखी सम्पुर्ण कर्मचारीको करार अवधि समाप्त भएको हुँदा यस सुनकोशी गाउँपालिकाको करार कर्मचारी कार्यविधि, २०७५ र पहिलो संशोधन, २०७९ बमोजिम कार्य सम्पादन खराब भएका कर्मचारीको तोकिएको अविधि भन्दा पहिले नै निर्णय लिन सक्ने गरी ६ महिना अर्थात् २०८१ पौष मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा जिल्ला हुलाक कार्यालय सिन्धुपाल्चोक चौताराको मिति २०८१।०४।०१ को च.नं. ०७ को पत्रानुसार एक पालिका एक हुलाक कायम गर्ने नेपाल सरकारको नीति बमोजिम यस गाउँपालिकाको कार्यालयमा स्थानीय हुलाक कार्यालयको लागि आवश्यक कार्यकक्षको व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने र गाउँपालिकाको आफ्नै भवन नभएको र साँघुरो अवस्थामा सन्चालनमा रहेको हुँदा कर्मचारीको लागि आवश्यक आवास सुविधा भने हाल उपलब्ध गराउन नसकिने र गाउँपालिकाको आफ्नै भवन निर्माण पश्चात मात्र उपलब्ध गराउने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा सुनकोशी नदीमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा संकलन कार्यको सक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन लागि रिज इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. लाई गाउँपालिकाको तर्फबाट तयार गरिदिन दिइएको कार्यादेश बमोजिम मिति २०८१ असार १८ गते अन्तिम प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश भए बमोजिम मिति २०८८१।०३।१९ मा प्रतिवेदन

टपिन्द्र प्रसाद तिम्सिना
गा.पा. अध्यक्ष

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१ श्रावण ०९ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठक

माथि राजस्व परामर्श समितिबाट गाउँ कार्यपालिका बैठकमा सिफारिस भएको थियो । प्राप्त सिफारिसका आधारमा स्थानीय तहको वातावरणीय अध्ययन सम्बन्धी कार्यविधि, २०७७ को दफा ९ घ बमोजिम कार्यालयमा प्राप्त हुन आएको सक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाण बमोजिमको नदिजन्य पदार्थ संकलन तथा विक्री शुल्क संकलनको लागि प्रदेश आर्थिक ऐन, २०८१ मा तोकिएको दर रेट कायम गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सुनकोशी गाउँपालिका सार्वजनिक खरिद नियमावली बमोजिम आर्थिक बर्ष २०८१/०८२ को लागि विक्री शुल्क संकलन गर्नको लागि सिलबन्दी बोलपत्र आव्हानको प्रकृया शुरु गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा यस गाउँपालिकाको लागि संघीय सरकारबाट प्राप्त माध्यमिक तह (कक्षा ९ र १०) मा अँग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान कार्यक्रमबाट निम्नानुसारका विद्यालयहरुलाई एक आर्थिक वर्षको लागि २/२ जना माध्यमिक शिक्षक (करार) बराबरको रकम प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं | विद्यालयको नाम | ठेगाना | संख्या | विषय |
|---|---|---|---|---|
| १. | ठोकर्पा माध्यमिक विद्यालय | सुनकोशी २ | २ जना | अंग्रेजी र विज्ञान |
| २. | जनजागृति माध्यमिक विद्यालय | सुनकोशी ३ | २ जना | गणित र विज्ञान |
| ३. | भूमेश्वरी माध्यमिक विद्यालय | सुनकोशी ५ | २ जना | गणित र विज्ञान |
| ४. | सेतिदेवी माध्यमिक विद्यालय | सुनकोशी ६ | २ जना | गणित र विज्ञान |

साथै यस गाउँपालिकाको वडा नं. १ स्थित श्री वालशिक्षा आधारभूत विद्यालयमा आ.व.२०८१/८२ को लागि गाउँपालिकाको श्रोत अन्तर्गत शिक्षा शाखाको गाउँपालिका अनुदानका शिक्षक तथा कर्मचारीको तलबभत्ता शीर्षकबाट व्यहोर्ने गरी एक विद्यालय सहयोगीको दरबन्दी बराबरको रकम प्रदान गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमले आर्थिक सहायता माग गर्नु भएको हुँदा तपसिल बमोजिम रकम आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | माग गर्नेको नामथर | वडा नं. | माग गर्नाको कारण | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | निर्मला भण्डारी | ३ | घर जलेर राहत | २५,०००। | |
| २. | साइमन तामाङ | ५ | मष्तिष्कमा रगत जमेर उपचारको लागि | ५०,०००। | |
| ३. | केदार भण्डारी | ३ | घर आगलागी भएको | २५,०००। | |

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा सुनकोशी गाउँ कार्यपालिका कार्यालय वरपरको शान्ति सुरक्षालाई मध्येनजर गर्दै हाल रहेको प्रशासनिक भवनको नजिक पर्ने गरी प्रहरीसँगको समन्वयमा उपयुक्त सार्वजनिक जग्गामा प्रहरी विटको निर्माण तत्काल गाउँपालिकले गर्ने र निर्माण पश्चात सो को लागि आवश्यक पर्ने जनशक्ति खटाइदिन नेपाल प्रहरीलाई अनुरोध गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा गाउँपालिकामा खानेपानी तथा अत्यावश्यक प्रयोजनको लागि पोलिथिन पाइपको अत्याधिक माग हुने गरेकोमा एकातिर खानेपानी लगायत अत्यावश्यक कार्यको लागि सेवाग्राहीको मागलाई उपेक्षा गर्न नसकिने र विगतका माग तथा वितरणलाई मध्यनजर गर्दा वितरित पाइपको सही सदुपयोगको सुनिश्चतता गर्न नसकिएको अवस्था रहेको

आर्थिक बर्ष २०८१।०८२ को बजेटमा पाइप खरिद शीर्षकमा बजेट विनियोजन समेत भएको सो को सही सदुपयोगको लागि आर्थिक बर्षको शुरुवातमै माग संकलन गर्ने र सो को लागि लाभग्राहीले आवश्यक स्थानमा पाइप लाइन खनेको कुरामा विश्वस्त भइ लाभग्राहीको माग बमोजिम तपसिल बमोजिमको लागत साझेदारीमा पाइप वितरण गर्ने निर्णय गरियो ।

१. सरकारी विद्यालय, सरकारी स्वास्थ्य संस्थाको लागि लागत साझेदारी पाइप खरिद मूल्यको ० प्रतिशत लागत साझेदारी,

२. पाँच जना वा सो भन्दा माथिको लाभग्राही समूह वा उपभोक्ता समिति भए सामूहिक रुपमा प्रयोग गर्न पाइप खरिद मूल्यको १५ प्रतिशत लागत साझेदारी,

३. व्यक्तिगत प्रयोग भए पाइप खरिद मूल्यको ४० प्रतिशत लागत साझेदारी ।

५।५।१६

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष